# कर बुलेटिन
Tax Bulletin

http://www.ird.gov.np  आन्तरिक राजस्व विभागको मासिक प्रकाशन

वर्ष ६, अङ्क २, २०७५ जेठ  Year 6, Issue 2, June 2018


## राजस्व संकलनमा १३.२८ प्रतिशतले वृद्धि



आन्तरिक राजस्व विभागलाई आर्थिक वर्ष २०७४।०७५ मा रू २९९ अर्व ९१ संकलन गर्ने वार्षिक लक्ष्य प्राप्त भएको थियो । २०७५ जेष्ठ मसान्तसम्म रू २४९ अर्व ४ करोड लक्ष्य रहेकोमा रू २४८ अर्व १० करोड राजस्व संकलन भई लक्ष्यको करिव शत प्रतिशत संकलन भएको छ जुन संकलन गत आ.व.को सोही अवधिको तुलनामा १३.२८ प्रतिशतले बढी

बाँकी पृष्ठ ४ मा

## NFRS सम्बन्धी तालिम सम्पन्न




(कर्मचारीहरुलाई निर्देशन दिनुहुँदै महानिर्देशक विष्णुप्रसाद नेपाल)

आन्तरिक राजस्व विभाग र GIZ Revenue Administration Support (RAS) Project को संयुक्त आयोजनामा मिति २०७५ जेठ ८ गते देखि जेठ २० गतेसम्म दश दिन नेपाल वित्तीय प्रतिवेदनमान र यसबाट कर व्यवस्थामा पर्ने प्रभाव (Nepal Financial Reporting System & Its Implication on Tax) विषयक तालिम सम्पन्न भएको छ । आन्तरिक राजस्व प्रशासनको समग्र क्षमता अभिवृद्धिका लागि विविध प्रकारका तालिम सञ्चालन गर्दै आइरहेको विभागले नेपाल वित्तीय प्रतिवेदन मान (Nepal Financial Reporting System, NFRS) का विविध विषयहरुको र सोबाट कर प्रशासनमा पर्न सक्ने प्रभावका बारेमा जानकारी गराउन उक्त तालिम सञ्चालन गरिएको थियो । सो तालिममा ठूला करदाता कार्यालय, उपत्यका भित्र रहेका आन्तरिक राजस्व कार्यालयहरु एवं करदाता सेवा कार्यालयहरुबाट प्रमुख कर अधिकृत

बाँकी ३ पेजमा....

### यसभित्र


| मदिरा उत्पादक तथा व्यवसायीहरुसंग अन्तरक्रिया | आन्तरिक राजस्व कार्यालय भद्रपुर (विशेष) | आर्थिक बिधेयक २०७५ बाट भएका मूलभुत संशोधनहरू |
|---|---|---|
| पृष्ठ ३ | पृष्ठ ५ | पृष्ठ ७ |

# महानिर्देशकको सन्देश



**आर्थिक विधेयकले व्यवस्था गरेका उल्लेखित प्रावधानहरूको सम्बन्धमा करदाता सेवा, सूचना, सचेतना एवं करदाता शिक्षा कार्यक्रम लगायतका गतिविधिहरू गरी गराई बढी भन्दा बढी करदाताहरू समक्ष सूचना सम्प्रेषण गरी, करको दायरा बाहिर रहेका पेशाकर्मी एवं व्यवसायीहरूको पहिचान गरी करको दायरामा ल्याउनको लागि सहज व्यवस्थापन गर्नुहुन यस विभाग तथा अन्तर्गतका कर अधिकृत कर्मचारी साथीहरूलाई समेत आग्रह गर्दछु।**

नेपाल सरकारले आ.व. 2075÷076 को राजस्व नीति तथा कार्यक्रम 2075 जेठ 15 गते बजेट वक्तव्य मार्फत सार्वजनिक गरेको छ । सबै आर्थिक क्रियाकलापहरुलाई करको दायरामा ल्याई करको आधार फराकिलो बनाउने, आर्थिक क्रियाकलापको विस्तारमा सघाउ पुग्ने गरी कर प्रणालीलाई लगानी मैत्री बनाई उत्पादनमुलक उद्योग व्यवसाय प्रवर्धन गर्ने, करको संरचना र करका दरहरुमा समयसापेक्ष सुधार गरी कर प्रणालीलाई थप प्रगतिशील र समन्यायिक बनाउने, राजस्व प्रशासनलाई सुधार गरी करदातालाई दक्ष, व्यवसायिक, स्वच्छ एवं सुदृढ कर प्रशासनको सुनिश्चितता प्रदान गर्ने र कर छली तथा चुहावट नियन्त्रण गर्न कर कानुनको पालनामा जोड दिने राजस्व नीति तथा कार्यक्रमको उद्देश्य रहेको छ । हाल 16,45,689 करदाताले मात्र स्थायी लेखा नम्बर लिई कारोवार गरिरहेका छन् जुन नेपालको जनसङ्ख्याको करिव 6:21 प्रतिशत मात्र हो । यसले करको दायरामा तुलनात्मक रुपमा कम करदाता रहेको देखाउँछ। स्थायी लेखा नम्बर लिएका करदाताहरुमध्ये पनि अधिकांश करदाता सार्वजनिक निकाय, निजी उद्यमी, व्यापारिक एवं सामाजिक संघ संस्थाहरु रहेको पाइन्छ । आर्थिक गतिविधिमा संलग्न भएका व्यक्तिहरुको ठुलो संख्या अझैपनि करको दायरा बाहिर रहेकोले त्यस्ता व्यक्तिहरुलाई करको दायरामा ल्याउन सकिने सम्भावना प्रशस्त रहेको छ ।

विगत वर्षहरुमा विभिन्न पेशा गरिरहेका तथा करको दायरामा नसमेटिएका असंगठित क्षेत्रका करदाताहरुलाई करको दायरामा ल्याउन विभिन्न प्रयास गरिँदै आएता पनि अपेक्षित लक्ष्य अनुरुप गुणात्मक करदाताको संख्या बढ्न नसकिरहेको परिप्रेक्षमा यस आर्थिक वर्षको संघीय संसदमा प्रस्तुत आर्थिक विधेयकबाट विगतमा स्थायी लेखा नम्बर नलिई कर लाग्ने आय आर्जन गर्ने व्यक्तिले त्यसरी आर्जित आयमा कर नबुझाएको भए २०७५ साल पौष मसान्तसम्म स्थायी लेखा नम्बर लिई आर्थिक वर्ष २०७१/०७२, २०७२/०७३ र २०७३/०७४ को बुझाउनु पर्ने आय विवरण र सोमा लाग्ने कर बुझाएमा सो बापत लाग्ने शुल्क तथा ब्याज मिन्हा हुने र सोभन्दा अघिका आर्थिक वर्षहरुको आय विवरण र सोमा लाग्ने कर, शुल्क तथा ब्याज मिन्हा हुने साथै यसैगरी स्थायी लेखा नम्बर लिई कारोबार गरिरहेका तर आर्थिक बर्ष २०७२/०७३ वा सो भन्दा अघिसम्मको आय विवरण पेश नगर्ने प्राकृतिक व्यक्तिले आर्थिक वर्ष २०७१/०७२ र २०७२/०७३ को आय विवरण र सोमा लाग्ने आयकर २०७५ साल पौष मसान्तसम्म बुझाएमा सोभन्दा अघिका वर्षहरुको आय विवरण पेश गर्नु नपर्ने र सोमा लाग्ने कर, शुल्क तथा ब्याज समेत मिन्हा हुने तर यसरी तोकिएको अवधि भित्र स्थायीलेखा नम्बर नलिने, विवरण सहित कर दाखिला नगर्ने व्यक्तिबाट तिर्नुपर्ने सबै कर शुल्क तथा ब्याज असुल उपर गरिने छ । यस अलावा २०७४ साल असार मसान्तसम्मको मूल्य अभिवृद्धि कर विवरण पेश नगर्ने मूल्य अभिवृद्धि करमा दर्ता भएका कुनै पनि करदाताले आफुले बुझाउनु पर्ने कर विवरण र मूल्य अभिवृद्धि कर रकम २०७५ साल पौष मसान्तभित्र बुझाएमा सोमा लाग्ने जरिवाना, थप दस्तुर र ब्याज मिन्हा हुने व्यवस्था गरेको छ । साथै संस्था दर्ता ऐन, २०३४ बमोजिम दर्ता भएका सामाजिक संस्थाहरुले आर्थिक बर्ष २०७४/७५ को आय बिवरण तथा सो अनुसार लाग्ने कर सम्वत् २०७५ साल पौष मसान्तभित्र बुझाएमा त्यस्ता संस्थाले आर्थिक बर्ष २०७४/७५ भन्दा अघिका वर्षहरुको जुनसुकै किसिमको विवरण, कर, जरिवाना, थप दस्तुर, शुल्क तथा ब्याज बुझाउनु नपर्ने गरी व्यवस्था समेत गरिएको छ ।

यसरी आर्थिक गतिविधिमा संलग्न भएका व्यक्तिलाई करको दायरामा ल्याई कर सहभागिता अभिवृद्धि गर्ने मूल उद्देश्यका साथ अधिकतम कर सहभागिताको लागि अधिकतम छुट सुविधा प्रदान गरिएको छ । यसर्थ आर्थिक विधेयकले दिएको यो सुविधाबाट डाक्टर, इन्जिनियर, कानुन व्यवसायी, लेखक, कलाकार, पेशाकर्मी लगायतका प्राकृतिक व्यक्ति तथा करका दायरामा आउन नसकेका साना व्यवसायीहरु लाभान्वित हुने हुँदा

बाँकी पृष्ठ ६ मा

पृष्ठ १ बाट क्रमश..

# NFRS सम्बन्धी तालिम सम्पन्न

तथा कर अधिकृतहरुको सहभागिता रहेको थियो । कार्यक्रमको समापन विभागका महानिर्देशक विष्णुप्रसाद नेपालले गर्नुभयो । उक्त अवसरमा तालिमले नयाँ वित्तीय प्रतिवेदन मान (NFRS) लागू भईसकेपछि सोबाट कर व्यवस्थामा पर्नसक्ने प्रभावको बारेमा जानकारी गराउनुका साथै भावी दिनमा कार्यसम्पादन गर्दा सो तर्फ सजग रहन निर्देशन दिनुभयो । उहाँले विभागबाट आगामी दिनमा पनि यस्तै प्रकारका तालिम कार्यक्रमहरु नियमित रुपमा सञ्चालन गरिने जानकारी गराउनुभयो ।



तालिममा सहभागी कर्मचारीहरुको साथमा विभागका महानिर्देशक तथा उपमहानिर्देशकहरु

# मदिरा उत्पादक तथा व्यवसायीहरुसंग अन्तरक्रिया

नेपाल सरकारबाट २०७५ साल जेष्ठ १५ गते जारी भएको आर्थिक अध्यादेश, २०७५ बाट अन्त:शुल्क ऐन, २०५८ को दफा ३ संग सम्बन्धित अनुसूचीमा अन्त:शुल्क लाग्ने वस्तुहरू थप भै अन्त:शुल्क दरमा समेत संशोधन भएको छ । विशेष गरी मदिरा, चुरोट तथा सूर्तीजन्य पदार्थहरूको दरमा समयानुकुल परिवर्तन भएको छ । मदिरातर्फ वृद्धि भएको अन्त:शुल्क दर तथा संशोधित तथा कानुनी व्यवस्थाका सम्बन्धमा मदिरा उत्पादक प्रतिष्ठानहरूको तर्फबाट मदिरा उत्पादक संघका साथै सम्बद्ध व्यवसायीहरू र आन्तरिक राजस्व विभाग बीच छलफल तथा अन्तरक्रिया सम्पन्न गरियो । छलफलमा आन्तरिक राजस्व विभागका महानिर्देशक श्री विष्णुप्रसाद नेपाल, उपमहानिर्देशकद्धय श्री यज्ञ प्रसाद ढुंगेल र डा. नारायण प्रसाद रेग्मी तथा मदिरा उत्पादक संघका अध्यक्ष श्री रवि के.सी. लगायत अन्य पदाधिकारीहरूको उपस्थिति थियो । नेपाल सरकारबाट तर्जुमा गरिएका ऐन, नियम र नीतिहरूको पालना गर्दै मदिराजन्य पदार्थको उत्पादन र बिक्री वितरणलाई अझ व्यवस्थित र मर्यादित बनाउने सम्बन्धमा छलफल भएको थियो ।

नेपाल सरकार
अर्थ मन्त्रालय
## आन्तरिक राजस्व विभागको
## सूचना

आर्थिक बिधेयक, २०७५ बाट मूल्य अभिवृद्धि कर ऐन, २०५२ मा संशोधन गरी ईटा उत्पादन, मदिरा डिष्ट्रिब्युटर, वाइन सप, सफ्टवेयर, ट्रेकिङ, ऱ्याफ्टिङ, अल्ट्रालाइट फ्लाइट, प्याराग्लाइडिङ, पर्यटक सवारी, क्रसर, वालुवा खानी, स्लेट र ढुंगा उद्योग सम्बन्धी व्यवसाय सञ्चालन गर्ने व्यक्तिलाई साथै महानगरपालिका, उपमहानगरपालिका क्षेत्र भित्र हार्डवेयर, सेनिटरी, फर्निचर, फिक्स्चर, फर्निसिङ्, अटोमोवाइल्स, मोटर पार्ट्स, इलेक्ट्रोनिक्स, मार्बल, शैक्षिक परामर्श, डिस्को थेक, हेल्थ क्लब, मसाज थेरापी, ब्यूटीपार्लर, क्याटरिङ्ग सेवा, पार्टी प्यालेस व्यवसाय, पार्किङ सेवा, मेशिनरी उपकरण प्रयोग भएको ड्राईक्लिनर्स, बार सहितको रेष्टुरेण्ट, आइसक्रिम उद्योग, कलरल्याब, बुटिक, सुटिङ्ग सर्टिङ्गको सामान सहितको टेलरिङ्ग व्यवसाय, शिक्षण संस्था वा स्वास्थ्य संस्था वा अन्य निकायमा युनिफर्म आपूर्ति गर्ने व्यक्तिलाई अनिवार्य रूपमा मूल्य अभिवृद्धि करमा दर्ता गराउने ब्यवस्था लागू गरेकाले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । प्रकाशित सूचना बमोजिम गर्नु गराउनु हुन अनुरोध गरिन्छ ।

"हाम्रो पौरख हाम्रो कर, राष्ट्र निर्माणको दिगो भर ।"

पेज १ बाट क्रमश..

# राजस्व संकलनमा १३.२८ प्रतिशतले वृद्धि

हो । आ.व २०७३।०७४ को यसै अवधिसम्म रू २१९ अर्व ०२ करोड संकलन भएको थियो ।

शीर्षकगत रूपमा हेर्दा आयकरतर्फ रू १२९ अर्व ९३ करोड लक्ष्य रहेकोमा रू १२४ अर्व ८१ करोड संकलन भई लक्ष्यको तुलनामा ९६ प्रतिशत संकलन भएको छ । मूल्य अभिवृद्धि करतर्फ रू ६७ अर्व २० करोड लक्ष्यमा रू ६७ अर्व ०६ करोड संकलन भई लक्ष्यको तुलनामा शत प्रतिशत संकलन भएको छ । अन्त:शुल्कमा रू ५४ अर्व ३३ करोड संकलन भएको छ जुन रू ४९ अर्व ८० करोड लक्ष्यको १०९ प्रतिशत हुन आँउछ । त्यसैगरी शिक्षा सेवा शुल्कमा रू ८९ करोड लक्ष्यमा रू ८१ करोड संकलन भई लक्ष्यको तुलनामा ९१ प्रतिशत र स्वास्थ्य सेवा करमा रू १ अर्व २० करोड लक्ष्य रहेकोमा रू १ अर्व ०७ करोड संकलन भई लक्ष्यको ८९ प्रतिशत संकलन भएको छ ।

त्यस्तै आर्थिक वर्ष २०७४।०७५ को जेष्ठ महिनाको लक्ष्य रू १९ अर्व ४ करोड रहेकोमा रू २१ अर्व ०४ करोड संकलन भई लक्ष्यको तुलनामा १११ प्रतिशत संकलन भएको छ । शीर्षकगत रूपमा आयकरतर्फ रू ५ अर्व ३६ करोड लक्ष्यमा रू ६ अर्व २२ करोड अर्थात लक्ष्यको ११६ प्रतिशत संकलन भएको छ । मूल्य अभिवृद्धि करतर्फ रू ७ अर्व ३८ करोड लक्ष्यमा रू ७ अर्व १६ करोड संकलन भएको छ जुन लक्ष्यको ९७ प्रतिशत हुन आँउछ । अन्त:शुल्क तर्फ रू ६ अर्व २२ करोड लक्ष्यमा रू ७ अर्व ५७ करोड संकलन भएको छ जुन लक्ष्यको तुलनामा १२२ प्रतिशत हो । त्यस्तै शिक्षा सेवा शुल्कमा रू ३ करोड ९६ लाख लक्ष्यमा ४ करोड ५ लाख संकलन भई १०२ प्रतिशत र स्वास्थ्य सेवा करमा २ करोड ५४ लाख लक्ष्यमा रू ५ करोड २१ लाख संकलन भई लक्ष्यको २०५ प्रतिशत संकलन भएको छ ।

| २०७४/०७५ जेष्ठ महिनाको र जेष्ठसम्मको प्रगति | | | | | | Rs.'000' |
|---|---|---|---|---|---|---|
| शीर्षक | यो महिनाको | | | यो महिना सम्मको | | |
| | लक्ष्य | प्रगति | प्रगति प्रतिशतमा | लक्ष्य | प्रगति | प्रगति प्रतिशतमा |
| आयकर | ४४९१५१० | ५४५२९२० | १२१ | ११५२८२०८५ | १०६९५८६७६ | ९३ |
| वहालकर | २४५९९४ | २६३३४८ | १०७ | ३३४५५१४ | ३८४५७१० | ११५ |
| व्याजकर | ६२८०३५ | ५०८३७४ | ८१ | ११३०४६२७ | १४०१०३१९ | १२४ |
| आयकर जम्मा | ५३६५५३९ | ६२२४६४२ | ११६ | १२९९३२२२६ | १२४८१४७०५ | ९६ |
| मू.अ.कर | ७३८५३९६ | ७१६०८९७ | ९७ | ६७२०७१०८ | ६७०६४९६३ | १०० |
| अन्त:शुल्क | ६२२६०३१ | ७५७०५७४ | १२२ | ४९८०८२४३ | ५४३३६५८८ | १०९ |
| शिक्षा सेवा शुल्क | ३९६६१ | ४०५०४ | १०२ | ८९२३८२ | ८१३३५२ | ९१ |
| स्वास्थ्य सेवा शुल्क | २५४०७ | ५२१४६ | २०५ | १२०६८७९ | १०७९१९७ | ८९ |
| जम्मा | १९०४२०३४ | २१०४८७६३ | १११ | २४९०४६८३८ | २४८१०८८०५ | १०० |

नेपाल सरकार
अर्थ मन्त्रालय
**आन्तरिक राजस्व विभाग**
लजिम्पाट, काठमाडौंको

## मूल्य अभिवृद्धि करमा दर्ता भएका व्यक्तिहरूले आफ्नो कारोवार स्थलमा मूलय अभिवृद्धि कर सहितको प्राइस ट्याग उल्लेख गर्ने सम्बन्धी सूचना ।

मूल्य अभिवृद्धि कर नियमावली, (संशोधन सहित) २०५३ को नियम १४ (ख) मा मूल्य अभिवृद्धि करमा दर्ता भएका व्यक्तिले आफ्नो औद्योगिक प्रदर्शनी कक्ष, बिक्री कक्ष, होटल, रेष्टुरेन्ट, बार, कारोवार स्थल वा आपूर्ति गर्ने स्थानमा राखिएको कर लाग्ने वस्तु वा सेवाको बिक्री मूल्य (ट्याग, प्राईस, मेनु प्राइस र सेल्फप्राइस) मा मूल्य अभिवृद्धि कर सहितको मूल्य उल्लेख गर्नुपर्नेछ भन्न व्यवस्था भएकोले सोही अनुसार गर्नु गराउनु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

## आन्तरिक राजस्व कार्यालय भद्रपुर (विशेष)

# चेम्बर अफ कमर्स झापासंग अन्तरक्रिया सम्पन्न:

आन्तरिक राजस्व कार्यालय भद्रपुर र नेपाल चेम्बर अफ कमर्सको सयुक्त आयोजनामा झापाको बिर्तामोड स्थित होटल होलिडे होममा २०७५ जेठ २२ गते आर्थिक विधयेक, २०७५ लगायतका विषयमा छलफल कार्यक्रम सम्पन्न भयो । उक्त कार्यक्रमको अध्यक्षता नेपाल चेम्बर अफ कमर्स झापाका अध्यक्ष सन्तोष कुमार अग्रवालले गर्नु भएको थियो भने कार्यक्रमको प्रमुख आतिथ्यता आन्तरिक राजस्व कार्यालय भद्रपुरका प्रमुख कर अधिकृत श्री बोलराज आचार्यले गर्नु भएको थियो । ८९ जना करदाताहरुको सहभागिता रहेको उक्त कार्यक्रममा कर अधिकृत श्री सरोज कुमार सिंहले आर्थिक विधयेक २०७५ ले ल्याएका नयाँ सुविधा र छुटका बारेमा प्रष्ट पार्नु भएको थियो। उक्त कार्यक्रममा करदाताहरुले विभिन्न विषयमा राखेका जिज्ञासा तथा उठेका सवालहरुको जवाफ दिदै आर्थिक विधयेक, २०७५ का सुविधा बारेमा बढी भन्दा बढी प्रचार संचार प्रवाह गर्न र लाखौ सम्मको जरिवानालाई नयाँ विधेयकका छुट सुविधाबाट केही रकम मात्र दाखिला गरी आफ्नो व्यवसाय र सो सम्बन्धी लेखा अद्यावधिक र यथार्थ बनाउने अवसरको सदुपयोग गर्न प्रमुख कर अधिकृतले आग्रह गर्नुभयो । साथै उहाँले करदाताले पालना गर्नुपर्ने काम, कर्तव्य तथा दायित्व र यसबाट सृजना हुने करदाताका अधिकारका बारेमा समेत सचेतनामुलक जानकारी गराउनु भएको थियो । जसबाट उक्त क्षेत्रका विभिन्न पेशा, व्यवसायमा आवद्ध ब्यक्ति तथा संस्थाले आगामी आ.व. देखि र तत्काल लागू हुने छुट सुविधाका विषयमा जानकारी प्राप्त गरी आफ्नो जिज्ञासाको संबोधन भएकोमा खुसी ब्यक्त गरेका थिए ।



(चेम्बर अफ कमर्शसंग अन्तरक्रिया कार्यक्रममा उपस्थित सहभागी सदस्यहरु)

# करदाता शिक्षा तथा अन्तरक्रिया

आन्तरिक राजस्व कार्यालय भद्रपुरको आयोजना र मेचीनगर उद्योग वाणिज्य संघको समन्वयमा झापाको धुलाबारी स्थित उद्योग वाणिज्य संघ धुलाबारीको सभाहलमा २०७५ जेठ १५ गते करदाता शिक्षा तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो। उक्त कार्यक्रमको अध्यक्षता मेचीनगर उद्योग वाणिज्य संघका उपाध्यक्ष श्री ध्रुव कुनालले गर्नु भएको थियो भने कार्यक्रमको प्रमुख आतिथ्यता आन्तरिक राजस्व कार्यालय भद्रपुरका प्रमुख कर अधिकृत श्री बोलराज आचार्यले गर्नु भएको थियो । करिव ७० जना भन्दा बढी करदाताहरुको सहभागिता रहेको सो कार्यक्रमको औचित्यता बारे कर अधिकृत श्री




(कार्यपत्र प्रस्तुत गर्नुहुँदै प्रमुख कर अधिकृत बोलराज आचार्य)

छविलाल भट्टराईले प्रष्ट पार्नु भएको थियो। उक्त कार्यक्रममा व्यावसायिक स्थायी लेखा नं., आयकर, मूल्य अभिबृद्धि कर र अन्तःशुल्क सम्बन्धी अन्तरक्रिया तथा छलफल गरिएको थियो।

पृष्ठ २ बाट क्रमश..

## महानिर्देशकको सन्देश

करको दायरामा नआएका सम्पूर्ण पेशाकर्मी एवम् व्यवसायीहरु स्थायी लेखा नम्बर लिई करको दायरामा आउन र करको दायरामा रहेका तर विविध कारणले कर सहभागिता जनाउन नसकेका करदाताहरुलाई प्राप्त सुविधाको समयमै उपभोग गरी कर सहभागिता जनाउन हार्दिक अपील गर्दछु। सरोकारवाला पेशागत एवं वस्तुगत संघ, संगठन तथा व्यवसायिक संघ, महासंघहरुले आफ्ना सदस्य व्यवसायीहरुलाई प्राप्त छुट सुविधा प्रयोग गरी करको दायरामा ल्याउनको लागि सूचना सम्प्रेषण गरी सहयोग गर्न आग्रह गर्दछु। साथै आर्थिक विधेयकले व्यवस्था गरेका उल्लेखित प्रावधानहरुको सम्बन्धमा करदाता सेवा, सूचना, सचेतना एवं करदाता शिक्षा कार्यक्रम लगायतका गतिविधिहरु गरी गराई बढी भन्दा बढी करदाताहरु समक्ष सूचना सम्प्रेषण गरी, करको दायरा बाहिर रहेका पेशाकर्मी एवं व्यवसायीहरुको पहिचान गरी करको दायरामा ल्याउनको लागि सहज व्यवस्थापन गर्नुहुन यस विभाग तथा अन्तर्गतका कर अधिकृत कर्मचारी साथीहरुलाई समेत आग्रह गर्दछु। यसबाट उल्लेख्य रुपमा गुणात्मक करदाताको संख्यामा वृद्धि भई कर सहभागिता अभिवृद्धि हुने र अन्तत कर राजस्व संकलन वृद्धि गरी "समृद्ध नेपाल, सुखी नेपाली" बनाउने सरकारको अभियानमा सघाउ पुग्ने विश्वास लिएको छु।

**विष्णुप्रसाद नेपाल**
**महानिर्देशक**
**२०७५, असार**

नेपाल सरकार
अर्थ मन्त्रालय
## आन्तरिक राजस्व विभागको
## सूचना

आर्थिक विधेयक, २०७५ बाट तपसिल बमोजिमको छुट सुविधा सम्बन्धी व्यवस्था २०७५।०२।१५ देखि नै लागू भएकाले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको समयभित्र दिइएका छुट तथा सुविधाहरुको उपयोग गरी लाभान्वित हुन अनुरोध गरिन्छ।

१. **करको दायरामा आउनेलाई शुल्क तथा ब्याज मिन्हा:**
बिगतमा स्थायी लेखा नम्बर नलिई कर लाग्ने आय आर्जन गर्ने व्यक्तिले त्यसरी आर्जित आयमा कर नबुझाएको भए २०७५ साल पौष मसान्तसम्म स्थायी लेखा नम्बर लिई आर्थिक वर्ष २०७१/०७२, २०७२/०७३ र २०७३/०७४ को बुझाउनु पर्ने आय विवरण र सोमा लाग्ने कर बुझाएमा सो बापत लाग्ने शुल्क तथा ब्याज मिन्हा हुने र सोभन्दा अघिका आर्थिक वर्षहरुको आय विवरण र सोमा लाग्ने कर, शुल्क तथा ब्याज समेत मिन्हा हुने।

२. **आय बिवरण बुझाउने करदातालाई कर, शुल्क तथा ब्याज मिन्हा:**
स्थायी लेखा नम्बर लिई कारोबार गरी रहेका तर आर्थिक बर्ष २०७२/०७३ वा सो भन्दा अघिसम्मको आय विवरण पेश नगर्ने प्राकृतिक व्यक्तिले आर्थिक वर्ष २०७१/०७२ र २०७२/०७३ को आय विवरण र सोमा लाग्ने आयकर २०७५ साल पौष मसान्तसम्म बुझाएमा सोभन्दा अघिका वर्षहरुको आय विवरण पेश गर्नु नपर्ने र सोमा लाग्ने कर, शुल्क तथा ब्याज समेत मिन्हा हुने।

३. **मूल्य अभिबृद्धि कर बिवरण बुझाउने करदातालाई जरिवाना, थपदस्तर र ब्याज मिन्हा:**
सम्बत २०७४ साल असार मसान्तसम्मको मूल्य अभिवृद्धि कर विवरण पेश नगर्ने मूल्य अभिवृद्धि करमा दर्ता भएका कुनै पनि करदाताले आफुले बुझाउनु पर्ने कर विवरण र मूल्य अभिवृद्धि कर रकम सम्बत २०७५ साल पौष मसान्तभित्र बुझाएमा सोमा लाग्ने जरिवाना, थप दस्तुर र ब्याज मिन्हा हुने तर उक्त अवधि भित्र पनि यो सुविधा उपयोग नगर्ने करदाताहरुमध्ये सम्वत् २०७१ साल असारसम्मको वा सो भन्दा अघिदेखि कर विवरण पेश नगर्ने करदाताहरुको कार्यालयबाट दर्ता खारेज गरिने।

४. **मूल्य अभिबृद्धि कर छुट तथा मिन्हा:**
निजी क्षेत्रबाट सञ्चालित शिक्षण संस्थाले सोही संस्थाको प्रयोजनको लागि स्वयंले सञ्चालन गरेका चमेना गृह (क्यान्टिन) र छात्रावास (होस्टेल) सेवा तथा धितोपत्र दलाल सेवामा मूल्य अभिवृद्धि कर लाग्ने व्यवस्थालाई खारेज गरी यस सम्बन्धमा कार्यालयबाट कर निर्धारण भई तिर्न बुझाउन बाँकी रहेको मूल्य अभिवृद्धि कर र सोमा लागेको जरिवाना, थप दस्तुर र ब्याज मिन्हा भएको।

**"हाम्रो पौरख हाम्रो कर, राष्ट्र निर्माणको दिगो भर।"**

# आर्थिक बिधेयक २०७५ बाट भएका मूलभुत संशोधन सम्बन्धी विवरण ।

## आर्थिक ऐन तर्फः

१. **स्वास्थ्य जोखिम कर (दफा ७):** विदेशबाट पैठारी हुने र स्वदेशमा उत्पादित चुरोट, बिँडी, सिगारमा प्रति खिल्ली पच्चीस पैसा र खानेसूर्ति, खैनी, गुट्खा, पानमसलामा प्रति किलोग्राम पच्चीस रुपैयाँका दरले समदरमा स्वास्थ्य जोखिम कर लगाई असुल उपर गरिने उक्त कर पैठारीका बखत भन्सार विन्दुमा र स्वदेशी उत्पादनका हकमा प्रतिष्ठानबाट निष्कासनका बखत असुल उपर गरिने व्यवस्था गरिएको ।

२. **शिक्षा सेवा शुल्क (दफा ८):** विदेशमा अध्ययन गर्न जाने विद्यार्थीलाई शिक्षण शुल्क बापत विदेशी मुद्राको सटही सुविधा दिँदा त्यस्तो सटही रकममा एक प्रतिशत शिक्षा सेवा लगाईने व्यवस्था रहेकोमा दुई प्रतिशत शिक्षा सेवा शुल्क लगाइने गरी व्यवस्था गरिएको ।

३. **दूरसञ्चार सेवा दस्तुर (दफा १५):** टेलिफोन, मोबाईल, इन्टरनेट जस्ता दूरसञ्चार सेवा उपलब्ध गराउने निकायले ग्राहकबाट महसुलको एघार प्रतिशत रकम दूरसञ्चार सेवा दस्तुर बापत असुल उपर गर्नुपर्ने व्यवस्थालाई संशोधन गरी तेह्र प्रतिशत असुल उपर गर्नुपर्ने गरी व्यवस्था गरिएको ।

४. **करको दायरामा आउनेलाई शुल्क तथा ब्याज मिन्हा (दफा २०):** बिगतमा स्थायी लेखा नम्बर नलिई कर लाग्ने आय आर्जन गर्ने व्यक्तिले त्यसरी आर्जित आयमा कर नबुझाएको भए २०७५ साल पौष मसान्तसम्म स्थायी लेखा नम्बर लिई आर्थिक वर्ष २०७१/०७२, २०७२/०७३ र २०७३/०७४ को बुझाउनु पर्ने आय विवरण र सोमा लाग्ने कर बुझाएमा सो बापत लाग्ने शुल्क तथा ब्याज मिन्हा हुने र सोभन्दा अघिका आर्थिक वर्षहरुको आय विवरण र सोमा लाग्ने कर, शुल्क तथा ब्याज मिन्हा हुने व्यवस्था गरिएको ।

५. **आय विवरण बुझाउने करदातालाई कर, शुल्क तथा ब्याज मिन्हा (दफा २१):** स्थायी लेखा नम्बर लिई कारोबार गरिरहेका तर आर्थिक बर्ष २०७२/०७३ वा सो भन्दा अघिसम्मको आय विवरण पेश नगर्ने प्राकृतिक व्यक्तिले आर्थिक वर्ष २०७१/०७२ र २०७२/०७३ को आय विवरण र सोमा लाग्ने आयकर २०७५ साल पौष मसान्तसम्म बुझाएमा सोभन्दा अघिका वर्षहरुको आय विवरण पेश गर्नु नपर्ने र सोमा लाग्ने कर, शुल्क तथा ब्याज समेत मिन्हा हुने व्यवस्था गरिएको ।

६. **मूल्य अभिबृद्धि कर बिवरण बुझाउने करदातालाई जरिवाना, थपदस्तर र ब्याज मिन्हा (दफा २१):** २०७४ साल असार मसान्तसम्मको मूल्य अभिवृद्धि कर विवरण पेश नगर्ने मूल्य अभिवृद्धि करमा दर्ता भएका कुनै पनि करदाताले आफूले बुझाउनु पर्ने कर विवरण र मूल्य अभिवृद्धि कर रकम २०७५ साल पौष मसान्तभित्र बुझाएमा सोमा लाग्ने जरिवाना, थप दस्तुर र ब्याज मिन्हा हुने व्यवस्था गरिएको ।

७. **मूल्य अभिबृद्धि कर विवरण नबुझाउने करदाताको दर्ता खारेज गर्ने सम्बन्धी व्यवस्था (दफा २१):** सम्बत् २०७१ साल असारसम्मको वा सो भन्दा अघिदेखि कर विवरण पेश नगर्ने करदाताहरुले २०७५ साल पौष मसान्तभित्र कर बिवरण र मू.अ.कर दाखिला नगरेमा त्यस्ता करदाताहरुको दर्ता खारेज गरिने । यसरी दर्ता खारेज गर्दा ढिला बिवरण पेश गरेको वा कर विवरण नै पेश नगरेको कारणले लाग्ने जरिवाना मिन्हा गर्ने तर सो बाहेक अन्य कर बक्यौता भएमा त्यस्तो बक्यौता रकमको अभिलेख कायम गरी असुल उपर गरिने व्यवस्था गरिएको ।

८. **मूल्य अभिबृद्धि कर छुट तथा मिन्हा सम्बन्धी व्यवस्था (दफा २२):** निजी क्षेत्रबाट सञ्चालित शिक्षण संस्थाले सोही संस्थाको प्रयोजनको लागि स्वयंले सञ्चालन गरेका चमेना गृह (क्यान्टिन) र छात्रावास (होस्टेल) सेवा तथा धितोपत्र दलाल सेवामा विगतमा लागेको मूल्य अभिवृद्धि कर र सम्बन्धित कार्यालयबाट कर निर्धारण भई तिर्न बुझाउन बाँकी रहेको मूल्य अभिवृद्धि कर र सोमा लागेको जरिवाना, थप दस्तुर र व्याज मिन्हा गरिएको ।

९. **सामाजिक संस्थाहरुलाई लाग्ने कर, जरिवाना, थप दस्तुर, शुल्क तथा व्याज मिन्हा सम्बन्धी व्यवस्था (दफा २३):** संस्था दर्ता ऐन, २०३४ बमोजिम दर्ता भएका सामाजिक संस्थाहरुले आर्थिक बर्ष २०७४।७५ को आय बिवरण तथा सो अनुसार लाग्ने कर सम्वत् २०७५ साल पौष मसान्तभित्र बुझाएमा त्यस्ता संस्थाले आर्थिक बर्ष २०७४।७५ भन्दा अघिका वर्षहरुको जुनसुकै किसिमको विवरण, कर, जरिवाना, थप दस्तुर, शुल्क तथा व्याज बुझाउनु नपर्ने गरी व्यवस्था गरिएको ।

१०. **सामाजिक सुरक्षा कर (दफा २४):** रोजगारीको आय भएका एकल प्राकृतिक व्यक्तिको वार्षिक तीन लाख पचास हजार रुपैयाँसम्म र दम्पतीको हकमा वार्षिक चार लाख रुपैयाँसम्म एक प्रतिशतका दरले सामाजिक सुरक्षा कर लाग्ने गरेकोमा योगदानमा आधारित निवृत्तभरण कोषमा योगदान गर्ने प्राकृतिक व्यक्तिको आयमा यस्तो किसिमको कर नलाग्ने गरी व्यवस्था गरिएको ।

## मूल्य अभिबृद्धि कर तर्फः

१. **अनिवार्य दर्ता सम्बन्धी व्यवस्थाः** ईटा उत्पादन, मदिरा डिष्ट्रिव्युटर, वाइन सप, सफ्टवेयर, ट्रेकिङ, ऱ्याफ्टिङ, अल्ट्रालाइट फ्लाइट, प्याराग्लाइडिङ, पर्यटक सवारी, क्रसर, वालुवा खानी, स्लेट र ढुंगा उद्योग सम्बन्धी व्यवसाय सञ्चालन गर्ने व्यक्तिलाई साथै महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका वा विभागले तोकेको क्षेत्रभित्र हार्डवेयर, सेनिटरी, फर्निचर, फिक्स्चर, फर्निसिङ्ग, अटोमोवाइल्स, मोटर पार्ट्स, इलेक्ट्रोनिक्स, मार्वल, शैक्षिक परामर्श, डिस्को थेक, हेल्थ क्लब, मसाज

थेरापी, ब्यूटीपार्लर, क्याटरिङ्ग सेवा, पार्टी प्यालेस व्यवसाय, पार्किङ सेवा, मेशिनरी उपकरण प्रयोग भएको ड्राईक्लिनर्स, बार सहितको रेष्टुरेण्ट, आइसक्रिम उद्योग, कलरल्याब, बुटिक, सुटिङ्ग सर्टिङ्गको सामान सहितको टेलरिङ्ग व्यवसाय, शिक्षण संस्था वा स्वास्थ्य संस्था वा अन्य निकायमा युनिफर्म आपूर्ति गर्ने व्यक्तीलाई अनिवार्य मूल्य अभिवृद्धि करमा दर्ता गराउने गरी ऐनको दफा १० मा व्यवस्था गरिएको ।

२. **विद्युतीय माध्यमबाट वीजक जारी गर्ने सम्बन्धी व्यवस्था:** मू.अ.कर ऐन,२०५२ को दफा १४क. मा विभागले सूचना प्रकाशन गरी तोकिएका करदातालाई अनिवार्य रुपमा विद्युतीय माध्यमबाट वीजक जारी गर्ने र त्यस्तो विद्युतीय माध्यमलाई विभागको केन्द्रीय वीजक अनुगमन प्रणाली (सिविएमएस) मा आवद्ध गर्ने व्यवस्था गरिएको ।

३. **विद्युतीय बीजक जारी गर्न सफ्टवेयर वा उपकरण निर्माण गर्ने, जडान गर्ने वा सञ्चालन गर्ने व्यक्तिलाई जरिवाना सम्बन्धी व्यवस्था:** मू.अ.कर ऐन,२०५२ को दफा २९ को दफा १ को खण्ड (छ३) मा विद्युतीय बीजक जारी गर्न सफ्टवेयर वा उपकरण निर्माण गर्ने, जडान गर्ने वा सञ्चालन गर्ने व्यक्तिले विभागले जारी गरेको कार्यविधिको पालना नगरेमा पाँच लाख रुपैयाँ जरिवाना लाग्ने व्यवस्था भएको ।

४. **नक्कली बिजकमा जरिवाना सम्बन्धी व्यवस्था:** मू.अ.कर ऐन,२०५२ को दफा २९ को दफा १ग.मा वस्तु तथा सेवाको हस्तान्तरण नगरी बीजक मात्र जारी गर्ने बिक्रेता व्यक्तिलाई जारी बीजक मूल्यको पचास प्रतिशत जरिवाना लाग्ने व्यवस्था भएको ।

५. **स्वास्थ्य सेवामा मूल्य अभिवृद्धि कर नलाग्ने व्यवस्था:** मू.अ.कर ऐन,२०५२ को अनुसूची १ को समूह ५ अन्तर्गतको स्वास्थ्य सेवा ( मूल्य अभिवृद्धि करमा दर्ता भएका संस्थाले प्रदान गरेको स्वास्थ्य सेवा बाहेक) भन्ने शब्द हटेकोले जुन सुकै प्रकारको स्वास्थ्य सेवामा मू.अ.कर नलाग्ने व्यवस्था भएको ।

६. **शिक्षण संस्थाले सोही संस्थाको प्रयोजनको लागि स्वयंले सञ्चालन गरेका चमेना गृह (क्यान्टिन) र छात्रवास (होस्टेल) को कारोबारमा मूल्य अभिबृद्धि कर नलाग्ने व्यवस्था:** मू.अ.कर ऐन,२०५२ को अनुसूची १ को समूह ६ को खण्ड (घ) मा शिक्षण संस्थाले सोही संस्थाको प्रयोजनको लागि स्वयंले सञ्चालन गरेका चमेना गृह (क्यान्टिन) र छात्रवास (होस्टेल) को कारोबार भन्ने शब्द थप भएकोले त्यस्तो कारोबारमा मू.अ.कर नलाग्ने व्यवस्था भएको ।

७. **इलेक्ट्रीक रिक्सामा मू.अ.कर लाग्ने व्यवस्था:** मू.अ.कर ऐन,२०५२ को अनुसूची १ को समूह ११ को खण्ड (अ) को शीर्षक नं.८७०३.८०.१० बाट रिक्सा भन्ने शब्द हटेकोले इलेक्ट्रीक रिक्सामा मू.अ.कर लाग्ने व्यवस्था भएको ।

८. **मनी ट्रान्सफर, पूँजी बजार व्यवसाय, धितोपत्र व्यवसाय, मर्चेन्ट बैंकिङ्ग व्यवसाय, कमोडिटी फ्यूचर मार्केट र धितोपत्र तथा कमोडिटी दलाल व्यवसायमा मू.अ.कर नलाग्ने सम्बन्धी व्यवस्था:** मू.अ.कर ऐन,२०५२ को अनुसूची १ को समूह ११ को खण्ड (आ) को उपखण्ड (४) मा "मुद्रा हस्तान्तरण (मनि ट्रान्सफर), पूँजी बजार व्यवसाय,धितोपत्र व्यवसाय, मर्चेन्ट बैंकिङ्ग व्यवसाय, कमोडिटी फ्यूचर मार्केट र धितोपत्र तथा कमोडिटी दलाल व्यवसाय" भन्ने शब्द थप भएकोले यस्तो कारोबारमा मू.अ.कर नलाग्ने व्यवस्था भएको ।

९. **मू.अ.कर ऐन,२०५२ को अनुसूची १ परिवर्तन सम्बन्धी व्यवस्था:** आर्थिक ऐन, २०७४ मा भएको मू.अ.कर ऐन,२०५२ को अनुसूची १ को समूह ११ को खण्ड (आ) को उपखण्ड (६) बाट उपशीर्षक ८५३९.५० मा पर्ने सोलार लिड डिसि बत्तीहरु, उपशीर्षक २९०५.३२, ७४१०.२१, ७६०७.१९, ८४०३.१०, ८४०३.९०, ८४१२.८०, ८४१३.८१, ८४१९.१९, ८४१९.३१ र ८५१६.६० अन्तर्गत पर्ने सौर्य ताप ऊर्जा सम्बन्धी उपकरण र पार्टपुर्जाहरु र सोलार चार्ज कन्ट्रोलर (उपशीर्षक ८५०४.४०) भन्ने शब्दहरु झिकिएकोले मू.अ.कर लाग्ने ।

१०. **बिद्यालयको बसमा मू.अ.कर छुट हुने:** मू.अ.कर ऐन,२०५२ को अनुसूची १ को समूह ११ को खण्ड (आ) को उपखण्ड (१७) मा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको सिफारिशमा सामुदायिक शिक्षण संस्थाले विद्यार्थीहरु ओसारपसार गर्ने प्रयोजनको लागि ३० सिट वा सोभन्दा बढी क्षमताको एक थान वस आयात गर्दा लाग्ने मूल्य अभिवृद्धि कर छुट हुने र यसरी सुविधामा आयात गरिएको सवारी साधन दश वर्षसम्म बिक्री बितरण, हस्तान्तरण र नामसारी गर्न नपाइने व्यवस्था गरिएको छ ।

११. **मू.अ.कर फिर्ता सम्बन्धी व्यवस्था पुनरावलोकन:** आर्थिक ऐन, २०७४ ले मू.अ.कर ऐन,२०५२ को अनुसूची १ को समूह ११ को खण्ड (आ) बाट उपखण्ड (१३), (१४), (१५), (१६), (१७), (१८), (१९), (२०) र (२१) मा भएका व्यवस्था खारेज भइ क्रमशः सलाई (काठको काटी मात्र), धुप र टायर-ट्युब उद्योग, मैदा उद्योग, तोरीको तेल उत्पादन गर्ने स्वदेशी उद्योग, स्वदेशमा उत्पादित वनस्पती घ्यू र अन्य प्रशोधित खानेतेल उद्योग, दुग्ध पदार्थको कारोवार गर्ने स्वदेशी डेरी उद्योग, स्वदेशमा चिया उत्पादन तथा प्रशोधन गर्ने उद्योग, तामा पित्तलको पत्रबाट सिट, सर्कल र भाँडावर्तन उत्पादन गर्ने स्वदेशी उद्योग, स्वदेशी कपडा उद्योग, सेलुलर मोवाइल फोनसेट उत्पादन गर्ने स्वदेशी उद्योग तथा पैठारीकर्ता र चिनी उत्पादन गर्ने स्वदेशी उद्योगले पाउने गरेको मूल्य अभिवृद्धि कर फिर्ता सम्बन्धी विशेष व्यवस्थालाई खारेज गरिएको छ ।

### आयकर तर्फः

१. **प्राकृतिक व्यक्तिको रु १० लाख भन्दा बढीको जग्गा, घरजग्गा तथा निजी भवन निसर्ग गर्दा लाभमा पूँजीगत लाभ कर लाग्ने (दफा २द):** कुनै प्राकृतिक व्यक्तिको रु ३० लाख भन्दा बढीको जग्गा, घरजग्गा तथा निजी भवन निसर्ग गर्दा लाभमा पूँजीगत लाभ कर लाग्ने व्यवस्था भएकोमा रु दश लाख भन्दा बढीमा लाग्ने भएको ।

२. **प्राकृतिक व्यक्तिको घरबहाल आयमा अग्रीम कर कट्टी गर्नु नपर्ने (दफा २स र दफा ८८):** घर बहाल कर स्थानिय निकायले संकलन गर्ने भएकोले एकलौटी फर्म बाहेकको प्राकृतिक व्यक्तिको घरबहाल आय आयकर प्रयोजनको लागि आय नमानिएको र यसमा अग्रिम कर कट्टी गर्नु नपर्ने व्यवस्था गरिएको ।


कर तिरी सभ्य नागरिकको परिचय दिऔं ।

**३. कारोबारमा आधारित कर दाखिला गर्ने व्यक्तिले औषधि उपचार खर्च वापत कर मिलान गर्न वा अग्रिम कर कट्टी दावी गर्न पाउने (दफा ४क):** दफा ५१ बमोजिम औषधि उपचार खर्च वापत कर मिलान गर्न दावी गरेको वा दफा ९३ अनुसार अग्रिम कर कट्टी दावी गरेकाले कारोबारको आधारमा कर तिर्न नपाउने भएकोमा पाउने भएको ।

**४. नेपाल धितोपत्रबोर्डलाई कर छुट नहुने (दफा १० खण्ड (ट):** नेपाल धितोपत्र बोर्डले आफ्नो उद्देश्य अनुरुप आर्जन गरेको आय कर छुट नहुने ।

**५. विशेष उद्योग र सूचना प्रविधि उद्योगलाई करको दर (दफा ११ को उपदफा ३ खण्ड (क) र (ख)):** विशेष र सूचना प्रविधि उद्योगले नेपाली नागरिकलाई वर्षभरी नै प्रत्यक्ष रोजगारी दिएमा देहायको दरले कर लाग्ने:

- ✓ १०० जना भन्दा बढीलाई - लाग्ने करको नब्बे प्रतिशत, (पहिले लाग्ने करको सत्तरी प्रतिशत भएको)
- ✓ तीन सय वा सोभन्दा बढीलाई - लाग्ने करको असी प्रतिशत,(पहिले लाग्ने करको नव्वे प्रतिशत भएको)
- ✓ पाँच सय वा सोभन्दा बढीलाई - लाग्ने करको पचहत्तर प्रतिशत, (पहिले लाग्ने करको नव्वे प्रतिशत भएको)
- ✓ एक हजार वा सोभन्दा बढीलाई - लाग्ने करको सत्तरी प्रतिशत,(पहिले लाग्ने करको नव्वे प्रतिशत भएको १२०० भन्दा बढी भएमा मात्र असी प्रतिशत भएको )

महिला, दलित वा अपाङ्गहरुमध्ये कम्तीमा तेत्तीस प्रतिशतलाई समेत समावेश गरी एक सय जनाभन्दा बढी नेपाली नागरिकलाई वर्षभरी प्रत्यक्ष रोजगारी दिएमा तिर्नुपर्ने कर रकममा थप दश प्रतिशत छुट हुने भएको, (पहिले लाग्ने करको असी प्रतिशत भएको थप नभएको )

**६. खनिज उद्योग र पेट्रोलियम तथा प्राकृतिक ग्याँस अन्वेषण तथा उत्खननको कारोबार गर्ने व्यक्तिलाई आयकर छुटको व्यवस्था (दफा ११ को उपदफा (३ख):** पेट्रोलियम तथा प्राकृतिक ग्याँस अन्वेषण तथा उत्खननको कारोबार गर्ने व्यक्तिले २०७५ साल चैत्र महिनासम्म कारोबार सञ्चालन गरेमा पहिलो सात वर्षसम्म पूरै र त्यसपछिको तीन वर्षसम्म पचास प्रतिशत आयकर छुट पाउने व्यवस्था भएकोमा यो म्याद २०८० साल सम्म थप गरिएको र खनिज उद्योगलाई यो सुविधा नभएकोमा खनिज उद्योगले पनि पाउने गरी थप गरिएको ।

**७.विशेष उद्योग र पर्यटन क्षेत्रसँग सम्बन्धित उद्योगलाई लाभांश करमा छुट (थप व्यवस्था दफा ११ को उपदफा (३ठ):** विशेष उद्योग र पर्यटन क्षेत्रसँग सम्बन्धित उद्योगले आफ्नो सञ्चित मुनाफालाई सोही उद्योगमा पूँजीकरण गरेमा लाभांश करमा शत प्रतिशत छुट हुने ।

**८. प्राइभेट कम्पनी पब्लिक कम्पनीमा परिणत भई कारोबार सञ्चालन गरेमा आंशिक आयकर छुट हुने (थप व्यवस्था दफा ११ को उपदफा (३ड)):** पचास करोड रुपैयाँ वा सो भन्दा बढी चुक्ता पूँजी भएका प्राइभेट कम्पनी पब्लिक कम्पनीमा परिणत भई कारोबार सञ्चालन गरेमा तीन वर्षसम्म लाग्ने करमा दश प्रतिशत छुट हुने (तर, कम्पनी ऐन, २०६३ को दफा १२ बमोजिम पब्लिक कम्पनी हुनु पर्नेले यो सुविधा नपाउने ।

**९. चिया उत्पादन र प्रशोधन गर्ने उद्योग, दुग्ध पदार्थको कारोबार गर्ने डेरी उद्योग र कपडा उत्पादन गर्ने उद्योगलाई आंशिक आयकर छुट हुने (थप व्यवस्था दफा ११ को उपदफा (३ढ)):** चिया उत्पादन र प्रशोधन गर्ने उद्योग, दुग्ध पदार्थको कारोबार गर्ने डेरी उद्योग र कपडा उत्पादन गर्ने उद्योगलाई आयकरको दरमा पचास प्रतिशतले छुट हुने ।

**१०. सामुदायिक स्वास्थ्य संस्थालाई लाग्ने करमा छुट (थप व्यवस्था दफा ११ को उपदफा (३ण)):** सामुदायिक संस्थाबाट सञ्चालन गरिएका सामुदायिक स्वास्थ्य संस्थालाई लाग्ने करमा बीस प्रतिशत छुट हुने ।

**११. लघु उद्यमलाई आयकर छुट (थप व्यवस्था दफा ११ को उपदफा (३त)):** लघु उद्यमलाई पाँच वर्षसम्म लाग्ने आयकर पूर्ण रुपमा छुट हुने र यस्तो लघु उद्यम महिला उद्यमीबाट सञ्चालन भएमा थप दुई वर्ष आयकर पूर्ण रुपमा छुट हुनेछ ।

**१२.लगानीको आयस्रोत नखोजिने (दफा (११ख)):** राष्ट्रिय महत्वका अन्तर्राष्ट्रिय विमानस्थल, भूमिगतमार्ग तथा सडकमार्ग, रेलमार्ग जस्ता पूर्वाधार विकास आयोजना र पचास प्रतिशतभन्दा बढी स्वदेशी कच्चा पदार्थ उपयोग गर्ने उत्पादनशील उद्योगहरुमा २०७५ साल चैत मसान्तसम्म गरेको लगानीको आयस्रोत नखोजिने म्याद लाई बढाएर २०७६ साल चैत मसान्तसम्म गरिएको ।

**१३.प्रदेश सरकार र स्थानीय तहमा तिरेको कर लाई खर्चको रुपमा कट्टी गर्न पाइने (दफा (२१ख)):** प्रदेश सरकार र स्थानीय तहमा तिरेको कर लाई खर्चको रुपमा कट्टी गर्न पाइने व्यवस्था गरिएको ।

**१४. गाभिने प्रक्रिया पूरा गर्नु पर्ने म्याद (दफा ४७क. को उपदफा (६) र (७)):** बैकिङ्ग तथा वित्तीय व्यवसाय वा वीमा व्यवसाय गर्ने निकायहरु गाभिन चाहने निकायले आशयपत्र दिनु पर्ने र गाभिने प्रक्रिया पूरा गर्नु पर्ने म्याद १ वर्ष थप गरी क्रमश २०७६ असार र २०७७ असार गरिएको ।

**१५. "योगदानमा आधारित" भुक्तानी मात्र स्वीकृत अवकाश कोषमा समावेश हुने (दफा ६५):** स्वीकृत अवकाश कोषमा रहेको हितबाट भएको भुक्तानीलाई आय गणनामा समावेश गर्ने भन्ने व्यवस्था रहेकोमा अवकाश कोषमा रहेको योगदानमा आधारित अवकाश कोषमा रहेको भुक्तानी लाई मात्र यसमा समावेश हुने गरी स्पष्ट गरिएको ।

**१६.विद्युतीय माध्यमबाट बीजक जारी गर्न स्वीकृति लिनु पर्ने (दफा ८१(४)):** विद्युतीय माध्यमबाट बीजक जारी गर्न स्वीकृति दिने व्यवस्था थप गरिएको ।

**१७. स्वीकृत अवकाश कोषबाट अवकाश भुक्तानीको लाभमा कर(दफा ८८को उपदफा (१)को खण्ड १)):** स्वीकृत अवकाश कोषबाट अवकाश भुक्तानीको लाभमा पाँच प्रतिशतका दरले करकट्टी गर्नु पर्ने व्यवस्था भएकोमा योगदानमा आधारित अवकाश भुक्तानीको लाभमा भनि स्पष्ट गरिएको ।

**१८.प्राकृतिक व्यक्तिले घर बहाल वापत प्राप्त**

**गरेको रकममा अग्रिम करकट्टी गर्नु नपर्ने (दफा ८८(१)(५)ख ):** प्राकृतिक व्यक्तिले घर बहाल वापत प्राप्त गरेको रकममा अग्रिम करकट्टी गर्नु नपर्ने गरी स्पष्ट गरिएको ।

**१९.ढुवानी सेवा वापतको भाडा भुक्तानी रकममा अग्रिम करकट्टी गर्नु पर्ने (दफा ८८ (१)(८):** ढुवानी सेवा वापतको भाडा भुक्तानी रकममा दुई दशमलव पाँच प्रतिशतका दरले अग्रिम करकट्टी गर्नु पर्ने व्यवस्था थप गरिएको ।

**२०.सहकारीले प्राकृतिक व्यक्तिलाई ब्याज वा ब्याज बापतको भुक्तानी रकममा अग्रिम करकट्टी गर्नु पर्ने (दफा ८८(३)):** सहकारीले प्राकृतिक व्यक्तिलाई ब्याज वा ब्याज बापतको भुक्तानी रकममा पाँच प्रतिशतका दरले अग्रिम करकट्टी गर्नु पर्ने भनि स्पष्ट गरिएको ।

**२१.प्रश्नपत्र तयार गरे वा उत्तर पुस्तिका जांच गरे वापतको भुक्तानीमा अग्रिम करकट्टी गर्नु पर्ने (दफा ८८(४)(क१) र दफा ९२(१) (ज)):** प्रश्नपत्र तयार गरे वा उत्तर पुस्तिका जांच गरे वापतको भुक्तानीमा १५ प्रतिशतको दरले अग्रिम करकट्टी गर्नु पर्ने र अन्तिम हुने व्यवस्था कायम ।

**२२.पुनर्बीमा वापत प्राप्त हुने प्रिमियम रकमबाट दिइने कमिशनमा अग्रिम करकट्टी गर्नु पर्ने (दफा ८९ (३)(ख)):** गैर बासिन्दा बीमा कम्पनीबाट पुनर्बीमा वापत प्राप्त हुने प्रिमियम रकमबाट दिइने कमिशनमा एक दशमलव पाँच प्रतिशतका दरले अग्रिम करकट्टी गर्नु पर्ने व्यवस्था गरिएको ।

**२३. उपभोक्ता समितिद्वारा गरिने भुक्तानीमा करकट्टी (दफा ८८ (३क)):** उपभोक्ता समितिमार्फत काम गराउने गरी गरिएको पचास लाख रुपैयाँभन्दा बढीको भुक्तानी रकममा एक दशमलब पाँच प्रतिशतका दरले करकट्टी गर्नु पर्ने व्यवस्था थप ।

**२४.अन्तिम करकट्टी हुने बैठक भत्ताको सीमा (दफा ९२(१)(ज)):** प्रति बैठक बीस हजार रुपैयाँसम्मको बैठक भत्ता मात्र अन्तिम करकट्टी हुने व्यवस्था गरिएको ।

**२५.प्राकृतिक व्यक्तिको सवारी साधन वा ढुवानी सेवाको भाडा वापतको भुक्तानी अन्तिम हुने (दफा ९२(१)(ट))** एकलौटी फर्म बाहेकका प्राकृतिक व्यक्तिको सवारी साधन वा ढुवानी सेवाको भाडा वापतको भुक्तानी अन्तिम हुने व्यवस्था कायम गरिएको ।

**२६. नेपाल धितोपत्र बोर्डमा सूचीकरण भएको व्यक्तिको लाभ रकममा अग्रिम कर कट्टी (दफा ९५क(२)(क):** नेपाल धितोपत्र बोर्डमा सूचीकरण भएको निकायको लाभ रकममा प्राकृतिक व्यक्तिको हकमा पाँच प्रतिशतबाट सात दशमलव पाँच प्रतिशत, बासिन्दा निकायको हकमा दश प्रतिशत यथावत राखी अन्य व्यक्तिको हकमा पन्ध्र प्रतिशतबाट बढाएर पच्चीस प्रतिशतका दरले अग्रिम करकट्टी गर्नु पर्ने व्यवस्था गरिएको ।

**२७.नेपाल धितोपत्र बोर्डमा सूचीकरण नभएको व्यक्तिको लाभ रकममा अग्रिम कर कट्टी (दफा ९५क(२)(ख):** नेपाल धितोपत्र बोर्डमा सूचीकरण नभएको निकायको लाभ रकममा प्राकृतिक यक्तिको हकमा लाभ रकमको दश प्रतिशत, बासिन्दा निकायको हकमा लाभ रकमको पन्ध्र प्रतिशत यथावत राखी अन्य व्यक्तिको हकमा पन्ध्र प्रतिशतबाट बढाएर पच्चीस प्रतिशतका दरले अग्रिम करकट्टी गर्नु पर्ने व्यवस्था गरिएको ।

**२८.व्यापारिक प्रयोजनको लागि पैठारी हुने सामानको भन्सार मूल्यमा अग्रिम कर कट्टी (दफा ९५क(७):** व्यापारिक प्रयोजनको लागि पैठारी हुने भन्सार दरबन्दीको भाग १ मा पर्ने राँगा, भैसी, खसी, बोका, भेडा, च्याङग्रा, भाग ३ मा पर्ने जीवित, ताजा तथा हिमिकृत गरिएको माछा, भाग ६ मा पर्ने ताजा फूलहरु, भाग ७ मा पर्ने ताजा तरकारी, आलु प्याज र भाग ८ मा पर्ने ताजा फलफूलहरुमा भन्सार प्रयोजनको लागि कायम मूल्यमा पाँच प्रतिशत अग्रिम आयकर भन्सार विन्दुमै असुल गर्ने व्यवस्था कायम ।

**२९. भाडाको सवारी साधन धनी प्राकृतिक व्यक्तिले आय विवरण दिनु नपर्ने (दफा ९७(घ)):** भाडाको सवारी साधनको आयकर दाखिला गर्ने एकलौटी फर्म बाहेकको प्राकृतिक व्यक्तिले आय विवरण दिनु नपर्ने गरी स्पष्ट गरिएको ।

**३०.आय विवरण पेश गर्न नचाहने प्राकृतिक व्यक्तिले आय विवरण दिनु नपर्ने (दफा ९७(१) (ङ)):** आय विवरण पेश गर्न नचाहने धितोपत्र र जग्गा, घरजग्गा र निजी भवनको निःसर्गको आयमात्र भएको प्राकृतिक व्यक्तिले आय विवरण दिनु नपर्ने थप व्यवस्था गरिएको ।

**३१.बैठक भत्ता र ब्याज आय समावेश गर्न र घटाउन स्वेछिक गरिएको (दफा ९७(३)(४)):** चालिस लाख रुपैयाँभन्दा बढी आय भएका प्राकृतिक व्यक्तिले आय गणना गर्दा बैठक भत्ता र ब्याज आय समावेश गर्नु पनि नपर्ने र घटाउनु पनि नपर्ने व्यवस्था भएकोमा बैठक भत्ता र ब्याज आय समावेश गर्न र घटाउन स्वेछिक गरिएको ।

**३२.संयुक्त उपक्रम (ज्वाइन्ट भेन्चर) मा संलग्न व्यक्ति कर दायित्व भुक्तान गर्न संयुक्त वा छुट्टा-छुट्टै रुपमा जिम्मेवार हुने (दफा ११०(ख)):** संयुक्त उपक्रम (ज्वाइन्ट भेन्चर) मा संलग्न व्यक्ति कर दायित्व भुक्तान गर्न संयुक्त वा छुट्टा-छुट्टै रुपमा जिम्मेवार हुने व्यवस्था थप गरिएको ।

**३३.अग्रिम करको विवरण ढिला पेश गरेमा शुल्क लाग्ने (दफा ११७(३)):** अग्रिम कर कट्टी गर्ने व्यक्तिले अग्रिम करको विवरण ढिला पेश गरेमा वार्षिक एक दशमलव पाँच प्रतिशतले शुल्क लाग्ने व्यवस्था रहेकोमा दुई दशमलव पाँच प्रतिशत शुल्क लाग्ने व्यवस्था गरिएको ।

**३४.कर छुटका संस्थाहरुले आय विवरण दिनु पर्ने (नियम ५ र ५क):** कर छुटका संस्थाहरुले तीन महिना भित्र वित्तीय विवरण दिएर नविकरण गर्नु पर्ने र आय भएमा आय विवरण दिनु पर्ने व्यवस्था रहेकोमा छ महिना भित्र आय विवरण दिए नविकरण गर्न सक्ने व्यवस्था गरिएको ।

**३५. भाडाका सवारी साधन धनीलाई लाग्ने कर (अनुसूची १):** भाडाका सवारी साधन धनीहरूबाट यातायात व्यवस्था कार्यालयमार्फत सवारी साधन दर्ता वा नवीकरणका

बखत देहाय बमोजिमको वार्षिक कर असुल गरिने गरी दर परिवर्तन भएको :

| **सवारीको किसिम** | प्रति सवारी साधनमा बुझाउनु पर्ने वार्षिक कर |
|---|---|
| (१) कार, जिप, भ्यान, माइक्रो बस | |
| (क) १३०० सी.सी सम्म | रु. ४,०००।- |
| (ख) १३०१ देखि २००० सी.सी सम्म | रु. ४,५००।- |
| (ग) २००१ सी.सी. देखि २९०० सी.सी. सम्म | रु. ५०००।- |
| (घ) २९०१ सी.सी. देखि ४००० सी.सी. सम्म | रु. ६०००।- |
| (ङ) ४००१ सी.सी. देखि माथि सबै | रु. ७०००।- |
| (२) मिनीट्रक, मिनीबस, पानी टेङ्कर | रु. ६०००।- |
| (३) मिनी टिृपर | रु. ७०००।- |
| (४) ट्रक,बस | रु. ८०००।- |
| (५) डोजर, एक्साभेटर, लोडर, रोलर,, क्रेन जस्ता मेशिनरी उपकरण | रु. १२०००।- |
| (६) तेल टैंकर,ग्यास बुलेट, टिपर | रु. १२०००।- |
| (७) ट्रेक्टर | रु. २०००।- |
| (८) पावरटिलर | रु. १५००।- |
| (९) अटो रिक्सा, थ्री ह्वीलर, टेम्पो | रु. २०००।- |

### ३६. करको दर (अनुसूची १):

| **प्राकृतिक व्यक्तिको हकमा** | | |
|---|---|---|
| **एकल व्यक्ति** | | |
| **करयोग्य रकम** | **करको दर** | **कर रकम रु.** |
| रु ३५००००सम्म | १% | ३५०० |
| थप रु १००००० मा (रु ३५०००० देखि ४,५०,०००सम्म) | १०% | १०००० |
| थप रु २००००० मा (रु ४,५०,००० देखि ६,५०,००० सम्म) | २०% | ४०००० |
| रु ६,५०,०००० माथि रु २०,००,००० सम्म | ३०% | |
| रु २०,००,००० माथि | (३० प्रतिशत र सो दरमा थप बीस प्रतिशत) ३६% | |
| **दम्पत्ति** | | |
| करयोग्य रकम | करको दर | कर रकम रु. |
| रु ४००००० सम्म | १% | ४००० |
| थप रु १००००० मा (रु ४००००० देखि ५०००००सम्म) | १०% | १०००० |
| थप रु २००००० मा (रु ५००००० देखि ७००००० सम्म) | २०% | ४०००० |
| रु ७००००० माथि रु २०००००० सम्म | ३०% | |
| रु २०,००,००० माथि | (३० प्रतिशत र सो दरमा थप बीस प्रतिशत) ३६ % | |

### ३७. निकायको करको दर:

दूर सञ्चार र इन्टरनेट सेवा,मुद्रा हस्तान्तरण (मनि ट्रान्सफर), पूँजी बजार व्यवसाय, धितोपत्र व्यवसाय,मर्चेन्ट बैंकिङ्ग व्यवसाय,कमोडिटी फ्यूचर मार्केट, धितोपत्र र कमोडिटी दलाल व्यवसाय गर्ने निकायलाई पच्चीस प्रतिशत बाट तीस प्रतिशत कर लाग्ने व्यवस्था भएको ।

### अन्तः शुल्क तर्फः

१ **इजाजतपत्र निलम्बन गर्न सक्ने व्यवस्थाः** अन्तःशुल्क ऐनमा अन्तःशुल्क छलेको कसूरको दण्ड गर्दा मात्र बढीमा तीन महिनासम्म इजाजतपत्र निलम्वन गर्न सक्ने व्यवस्था रहेकोमा प्रारम्भिक अनुसन्धानबाट अन्तःशुल्क छलेको कुरा देखिएमा भएमा समेत अन्तःशुल्क अधिकृतले इजाजतपत्रवालाको इजाजतपत्र तीन महिनासम्मका लागि निलम्वन गर्न सक्ने गरी ऐनमा दफा ९ख. को व्यवस्था थप गरिएको ।

२ **सुराकी खर्च सम्बन्धी व्यवस्थाः** कसैले अन्तःशुल्क ऐन विपरित कुनै काम हुन लागेको, भैरहेको वा भैसकेको सूचना प्राप्त भएमा महानिर्देशक वा कार्यविधिमा तोकिएको अधिकारीले तत्काल दश हजार रुपैयाँसम्म सुराकी खर्च दिन सक्ने गरी ऐनको दफा १३ (४) मा व्यवस्था गरिएको ।

३ **दण्ड सम्बन्धी व्यवस्थामा संशोधनः** ऐनको दफा १६ मा भैरहेको दण्ड सम्वन्धी व्यवस्थामा मदिरा, चुरोट र सूर्तीजन्य वस्तु उत्पादन वा पैठारी गर्ने इजाजतपत्रवालाले मदिरा, चुरोट तथा सूर्तिजन्य वस्तुमा नक्कली अन्तःशुल्क टिकट प्रयोग, ओसारपसार, भण्डारण, गरेमा स्वीकृती नलिएको ब्राण्डमा उत्पादन गरेमा, २५ र ३० यूपी शक्तिमा बाहेकका मदिरामा रम, ह्विस्की, ब्राण्डि, जिन, भोडकाको उत्पादन गरे बिगो जफत गरी बिगोको दुईसय प्रतिशत जरिवाना वा एक लाख रुपैयाँ वा एक बर्षसम्म कैद वा दुवै सजाय गरिने गरी विशेष दण्ड सम्बन्धी व्यवस्था थप गरिएको ।


**द्रष्टब्यः उपर्युक्त बमोजिम आर्थिक विधेयकको दफा ७, ८,२०, २१ र २२, मूल्य अभिवृद्धि कर ऐन र अन्तःशुल्क ऐनका व्यवस्थाहरु २०७५ जेष्ठ १५ गते देखि तथा आर्थिक विधेयकका अन्य दफाहरु र आयकर ऐनका व्यवस्थाहरु २०७५ श्रावण १ गते देखि लागु हुने व्यहोरा समेत अनुरोध छ ।**

नेपाल सरकार
अर्थ मन्त्रालय
# आन्तरिक राजस्व विभागको

## E-TDS को User ID तथा Password Self Create गर्ने तथा Password Reset गर्ने तरिका सम्बन्धी सूचना

आन्तरिक राजस्व विभागको मा Website, www.ird.gov.np जाने
Taxpayer Portal मा Click गर्ने । Taxpayer Portal मा भएको E-TDS Click गर्ने ।


### Create Withholdee User




### Process

Form Type: WITHHOLDEE
PAN : 123456789
After TAB Key
Name : Displays Name
User Name : 123456789
Password : 123456789
Confirm Password : 123456789
Citizenship No:123
Citizenship Issue Date: No:2060.01.01
Email : test@gmail.com (It should be exactly same as what you have mentioned in PAN registration form)
Moblie : 9841111111
When you click on create button,system will send userid and Password to your email address.
Then you can login from E-TDS
करदाता नं. (पान नं) 123456789
प्रयोग कर्ताको नाम 123456789
पासवर्ड ******

### Create Withholdee User




### Process

Form Type: WITHHOLDEE
PAN : 123456789
After TAB Key
Name : Displays Name
User Name : 123456789
Citizenship No:123
Citizenship Issue Date: No:2060.01.01
Email : test@gmail.com
(It should be exactly same as what you have mentioned in PAN registration form)
Moblie : 9841111111
When you click on create button,system will send userid and Password to your email address.
Then you can login from E-TDS
करदाता नं. (पान नं): 123456789
प्रयोग कर्ताको नाम: 123456789
पासवर्ड: ******


**प्रकाशक**
आन्तरिक राजस्व विभाग
लाजिम्पाट, काठमाडौं
फोन नं.: ०१-४४१५८०२, ४४१५८०३, ४४१९७१९
Email: taxbulletin@ird.gov.np
website: www.ird.gov.np

**संरक्षक**
विष्णुप्रसाद नेपाल

**सल्लाहकार**
यज्ञ प्रसाद ढुङ्गेल
प्रेमशरण श्रेष्ठ
डा. नारायण प्रसाद रेग्मी

**सम्पादन समूह**
कमल कुमार भट्टराई
थम नारायण शर्मा
खेम नारायण रेग्मी
सुशील लम्साल
शिवहरि न्यौपाने



कर सम्बन्धी जानकारी टोल फ्रि नम्बर १६६००१४०००० बाट प्राप्त गरौं ।